राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ८९ २०८३ असोज ३१ गते शनिवार (17 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## ८० सार्वजनिक निकायमा ६११ पदाधिकारी नियुक्त

दैनिक समाचारदाता
काठमाडौं ३० असोज । सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ जारी भएपछि सरकारले ८० वटा सार्वजनिक निकायमा ६११ जना पदाधिकारी नियुक्त गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव हेमराज अर्यालका अनुसार विभिन्न मन्त्रालय,



आयोग, प्रतिष्ठान, विश्वविद्यालय, बोर्ड, काउन्सिल तथा संस्थानअन्तर्गतका निकायमा नयाँ नियुक्ति तथा पदपूर्ति गरिएको हो ।

अर्यालले शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायबाट असोज २६ देखि हालसम्म सम्पादन भएका प्रमुख कामबारे जानकारी दिँदै नियुक्ति प्रक्रिया खुला, प्रतिस्पर्धात्मक र पारदर्शी बनाइएको बताए ।

उनका अनुसार विभिन्न मन्त्रालयबाट ४१९ जना, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा मन्त्रिपरिषद्बाट १४ जना र विभिन्न विश्वविद्यालय, आयोग तथा प्रतिष्ठानमा प्रधानमन्त्रीबाट नियुक्त हुने १७८ जना पदाधिकारी नियुक्त भएका छन् ।

मन्त्रालयगत विवरणअनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत सबैभन्दा धेरै १६९ जना नियुक्त भएका छन् । मन्त्रालयअन्तर्गतका १३ वटा निकायमा उक्त नियुक्ति गरिएको हो ।

त्यस्तै, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत १५ वटा निकायमा ८२ जना र शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत १८ वटा निकायमा ७० जना नियुक्त भएका छन् ।

पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सात वटा निकायमा २९ जना र अर्थ मन्त्रालयअन्तर्गत सात वटा निकायमा २५ जनाको नियुक्ति भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत तीन वटा निकायमा १४ जना नियुक्त भएका छन् ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत चार वटा निकायमा ११ जना र सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत पाँच वटा निकायमा नौ जना नियुक्त भएका छन् ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत दुई वटा निकायमा आठ जना तथा युवा तथा श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत तीन वटा निकायमा आठ जनाको नियुक्ति भएको अर्यालले जानकारी दिए ।

गृह मन्त्रालयअन्तर्गत दुई वटा निकायमा दुई जना र विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयअन्तर्गत एउटा निकायमा दुई जना पदाधिकारी नियुक्त भएका छन् ।

# १५ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै एमाले सरकारबाट बाहिरियो

### चार मन्त्रीको राजीनामा र समर्थन फिर्ता; दसैंपछि नयाँ गठबन्धनबारे औपचारिक छलफल हुने

दैनिक समाचारदाता
जनकपुरधाम, ३० असोज । नेकपा (एमाले) मधेश प्रदेश सरकारबाट बाहिरिएको छ। सरकार गठनका बेला भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको जनाउँदै एमालेका चार मन्त्रीले बिहीबार मुख्यमन्त्री कृष्णप्रसाद यादवसमक्ष राजीनामा बुझाएका छन्। एमालेले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको छ।

राजीनामा दिनेमा श्रम तथा यातायातमन्त्री शारदादेवी थापा, खेलकुद तथा समाजकल्याणमन्त्री लखनदास, भौतिक पूर्वाधार विकासमन्त्री मोहम्मद समिर र शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंह छन्।

एमालेका प्रमुख सचेतक हरिनारायण महतोले १५ बुँदे सहमतिअनुसार काम नभएकाले सरकारमा रहिरहनुको औचित्य समाप्त भएको बताए। उनका अनुसार सहमति कार्यान्वयनका विषयमा पार्टीले लिखित रूपमै आफ्नो धारणा प्रस्तुत गरेको छ।




महतोले मुख्यमन्त्रीले सहमति पालना नगरेपछि समर्थन फिर्ता लिने निर्णय गरिएको स्पष्ट पारे। उनले केन्द्रमा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच चुनावी सहकार्यसहितको सहमति भइसकेकाले प्रदेशमा पनि नयाँ राजनीतिक समीकरण बन्न सक्ने संकेत गरे।

***कांग्रेससँग फेरि गठबन्धन हुँदैन***

एमालेले सरकारबाट समर्थन फिर्ता लिएसँगै मधेश प्रदेशमा नयाँ सत्ता समीकरण निर्माणको कसरत सुरु हुने भएको छ। प्रमुख सचेतक महतोले नेपाली कांग्रेससँग पुनः गठबन्धन गर्ने सम्भावना नरहेको स्पष्ट पारे।

'कांग्रेससँगै गठबन्धन गर्ने भए सरकारबाट किन निस्कनुपर्थ्यो र ?' उनले प्रश्न गर्दै जनमत पार्टी, जनता समाजवादी पार्टी (जसपा) लगायतका दलहरूसँग मिलेर नयाँ सरकार गठन गर्न सकिने बताए।

नयाँ सरकार एमालेकै नेतृत्वमा बन्नुपर्ने अडान नरहेको उल्लेख गर्दै महतोले अन्य दलको नेतृत्व पनि स्वीकार्य हुन सक्ने बताए। उनका अनुसार नयाँ गठबन्धन निर्माणका विषयमा औपचारिक छलफल भने सुरु भइसकेको छैन। चाडपर्वका कारण दसैंपछि छलफल अघि बढाइनेछ।

***केन्द्रीय सहमतिले प्रदेशमा नयाँ समीकरणको आधार***

महतोले एमालेका मन्त्रीहरूले राजीनामा दिने र सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय पार्टी अध्यक्ष

बाँकी पृष्ठ ३मा

# चिकित्सा शिक्षामा ४१८ सिट थप

### एमबीबीएसमा ११०, बीएस्सी नर्सिङमा २१० र बीएमएसमा ९८ सिट वृद्धि; गेटा स्वास्थ्य विज्ञान विश्वविद्यालयमा पहिलोपटक एमबीबीएसका ५० सिट निर्धारण

दैनिक समाचारदाता
काठमाडौं, ३० असोज । सरकारले चिकित्सा शिक्षाका विभिन्न शैक्षिक कार्यक्रममा गत वर्षको तुलनामा ४१८ सिट थप गरेको छ। चिकित्सा शिक्षा आयोगको २८औं बैठकले शैक्षिक सत्र २०८३/८४ का लागि एमबीबीएस, बीएस्सी नर्सिङ र बीएमएसलगायतका कार्यक्रममा सिट वृद्धि गर्ने निर्णय गरेको हो।

प्रधानमन्त्री बालेन शाहको अध्यक्षतामा बसेको बैठकले ८४



वटा शिक्षण संस्थामा विभिन्न तह र विषयका गरी कुल ९ हजार ६९१ सिट निर्धारण गरेको आयोग स्रोतले जनाएको छ। यस वर्ष सरकारी शिक्षण संस्थाको क्षमता विस्तारलाई प्राथमिकता दिँदै सिट थप गरिएको हो। निजी मेडिकल कलेजको सिट संख्या भने यथावत् राखिएको स्रोतले बताएको छ।

आयोगका अनुसार यस वर्ष एमबीबीएसमा ११०, बीएस्सी नर्सिङमा २१० र बीएमएसमा ९८ सिट थप गरिएको छ। यी तीनवटा शैक्षिक कार्यक्रममै कुल ४१८ सिट वृद्धि भएको हो।

एमबीबीएसतर्फ कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई पहिलोपटक ५० सिट निर्धारण गरिएको छ।

बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# पहिलो फिल्मबाट निकालिएकी हेमा मालिनी कसरी बनिन् 'ड्रिम गर्ल' ?

## १६ वर्षमै फिल्मको प्रस्ताव, पहिलो निर्माताबाट अपमान र राज कपुरको प्रशंसापछि बलिउडमा चम्किएको उनको यात्रा



दक्षिण भारतीय फिल्म निर्माता सीभी श्रीधरले हेमा मालिनीलाई पहिलो फिल्मबाट निकालिदिएका थिए। त्यतिबेला उनी केवल १६ वर्षकी थिइन्। श्रीधरले उनी कहिल्यै ठूलो कलाकार बन्न नसक्ने टिप्पणीसमेत गरेका थिए। तर, समयले यस्तो मोड लियो कि हेमा मालिनी बलिउडकी चर्चित अभिनेत्री बनिन् र 'ड्रिम गर्ल' का रूपमा परिचित भइन्।

हेमा मालिनीले सानै उमेरमा नृत्यका क्षेत्रमा आफ्नो प्रतिभा देखाइसकेकी थिइन्। रानी एलिजाबेथ र भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूसमक्ष नृत्य प्रस्तुत गर्ने अवसर पाएकी उनी किशोरावस्थामै फिल्म निर्माताहरूको नजरमा परेकी थिइन्। उनकी आमा जया चक्रवर्ती छोरीलाई फिल्म क्षेत्रमा स्थापित भएको हेर्न चाहन्थिन्। तर, हेमा आफैँ भने अभिनयलाई आफ्नो भविष्य बनाउने विषयमा निश्चित थिइनन्।

***पहिलो फिल्ममै अपमान***

तमिल फिल्म निर्माता सीभी श्रीधरले हेमालाई आफ्नो फिल्मबाट अभिनयमा पदार्पण गराउने प्रस्ताव राखे। तर, उनले हेमाको नाम परिवर्तन गरेर सुजाता राख्न चाहे। राम कमल मुखर्जीको पुस्तक 'हेमा मालिनी : बियोन्ड द ड्रिम गर्ल' मा उल्लेख भएअनुसार, श्रीधरलाई हेमाको नाम उपयुक्त लागेको थिएन।

फिल्मका लागि फोटो खिचाउने क्रममा हेमालाई साडी लगाउन भनियो। साडी लगाएपछि आफूलाई दुब्ली र राम्रो नदेखिएको महसुस गरेकी हेमालाई केही समयपछि नै फिल्मबाट हटाइयो।

त्यतिमै सीमित नरही श्रीधरले सार्वजनिक रूपमा हेमा कहिल्यै स्टार बन्न नसक्ने टिप्पणी गरे। यस घटनाले हेमालाई निकै दुःखी बनायो। अभिनय यात्राको सुरुआतमै अपमान भोग्नुपरे पनि उनले आफ्नो प्रतिभामाथि विश्वास गुमाइनन्।

***राज कपुरको प्रशंसाले बढायो आत्मविश्वास***

श्रीधरको फिल्मबाट बाहिरिएपछि हेमाका लागि अर्को अवसर आयो। निर्माता बी. अनन्तस्वामीले राज कपुरसँग मिलेर बनाउन लागेको फिल्मका लागि उनलाई छनोट गरे। स्क्रिन परीक्षणका लागि उनलाई मुम्बईस्थित आरके स्टुडियो बोलाइयो।

त्यहाँ हेमाले केही दृश्यमा अभिनय गरिन्। राज कपुर र फिल्म निर्माता के. आसिफको उपस्थितिमा भएको परीक्षणका क्रममा उनले सहज रूपमा अभिनय गरिन्। राज कपुरको व्यक्तित्व र व्यवहारबाट प्रभावित भएकी हेमाले त्यो अनुभवलाई निकै सुखद रूपमा सम्झिएकी छन्।

अभिनयपछि राज कपुरको प्रतिक्रियाको प्रतीक्षामा रहेकी हेमाले प्रशंसाका शब्द सुनिन्– उनी भारतीय सिनेमाकी अर्को सुपरस्टार बन्नेछिन्। राज कपुरको यो प्रतिक्रियाले हेमामा नयाँ आत्मविश्वास जगायो।

त्यसपछि उनलाई 'सपनों का सौदागर' फिल्मका लागि अनुबन्ध गरियो। यही फिल्मले उनको बलिउड यात्रालाई नयाँ दिशा दियो।

***यसरी बनिन् 'ड्रिम गर्ल'***

फिल्मको प्रचारका क्रममा हेमालाई राज कपुरकी 'ड्रिम गर्ल' का रूपमा प्रस्तुत गरियो। त्यतिबेला हेमा १६ वर्षकी थिइन् भने र ाज कपुर ४४ वर्षका थिए। उमेरको ठूलो अन्तर हुँदाहुँदै पनि उनीहरूलाई फिल्ममा रोमान्टिक जोडीका रूपमा प्रचार गरिएको थियो। हेमालाई भने यो कुरा केही हास्यास्पद लागेको थियो।

तर, 'ड्रिम गर्ल' उपनाम उनको पहिचानसँग यसरी जोडियो कि पछि यही नामले उनी बलिउडमा चर्चित भइन्। पहिलो फिल्म प्रदर्शनमा आउनुअघि नै उनले थप पाँचवटा फिल्ममा काम गर्ने सम्झौता गरिसकेकी थिइन्।

पहिलो अवसरमै अस्वीकार र अपमान भोगेकी हेमा मालिनीको यात्रा प्रतिभा, धैर्य र आत्मविश्वासको उदाहरण बन्यो। उनलाई फिल्मबाट निकाल्ने निर्माताको नकारात्मक टिप्पणीभन्दा राज कपुरको प्रोत्साहनले उनको भविष्यको यात्रामा महत्त्वपूर्ण भूमिका खेल्यो।

# करिश्माको बोल्ड ड्रेसमा सलमानको आपत्ति, भनेका थिए, 'म सुटिङ गर्दिनँ'

काठमाडौं । बलिउडमा सलमान खानका अनेक किस्सा चर्चित छन् । कहिले आफ्नै शैलीका कारण त कहिले सहकर्मी कलाकारसँगको रमाइलो नोकझोंकका कारण उनी चर्चामा आइरहन्छन् ।

यस्तै, अभिनेत्री करिश्मा कपुरसँग जोडिएको एउटा पुरानो प्रसंग फेरि चर्चामा आएको छ, जहाँ करिश्माको पहिरन देखेपछि सलमानले उनीसँग सुटिङ गर्न अस्वीकार गरेका थिए ।

निर्देशक करण जौहरको चर्चित टक शो 'कफी विद करण' मा सलमान र करिश्माले सँगै बसेर ९० को दशकका पुराना सम्झना ताजा गरेका थिए । कुराकानीका क्रममा करिश्माले सन् २००० मा प्रदर्शनमा आएको फिल्म 'दुल्हन हम ले जाएंगे' को छायांकन गर्दाको एउटा रोचक घटना सुनाइन् ।

करिश्माका अनुसार उनी फिल्मका गीतमा लगाउने पहिरन र आफ्नो लुक्सलाई लिएर निकै उत्साहित हुन्थिन् । त्यही क्रममा एउटा गीतका लागि उनले शरीरमा टम्म मिल्ने फेसनेबल पहिरन रोजेकी थिइन् ।

आफू उक्त पहिरनमा निकै राम्री देखिने उनको विश्वास थियो । तर, सलमानको प्रतिक्रिया भने उनले सोचेभन्दा फरक आयो । करिश्माले सम्झिइन्, सलमानले पहिरन देख्नेबित्तिकै भनेका थिए, 'यो के लगाएको ? यस्तो कपडा लगाउँछौ भने तिमीसँग म सुटिङ नै गर्दिनँ ।'



सलमानले सुटिङ गर्न अस्वीकार गरेपछि करिश्मा निर्देशक डेभिड धवनकहाँ पुगेकी थिइन् । उनले सलमानले आफूलाई मन परेको पहिरन लगाउन नदिएको भन्दै गुनासो गरिन् ।

कार्यक्रमका प्रस्तोता करणले पनि यही प्रसंगमा ठट्टा गर्दै सलमानलाई करिश्माको पहिरन धेरै खुला भएकोमा आपत्ति थियो कि भनेर सोधे ।

करिश्माले हाँस्दै उक्त पहिरन शरीरमा टम्म मिल्ने र फिटेड रहेको स्वीकार गरिन् । तर, सलमान आफूलाई लिएर निकै चिन्ता गर्ने र एक दाजु वा मिल्ने साथीले जस्तै सल्लाह दिने गरेको पनि उनले बताइन् ।

करिश्माको कुरा सुनेपछि सलमानले पनि आफ्नो कुरा राखे । उनका अनुसार पहिरन शरीरमा टम्म मिल्ने मात्रै नभई निकै छोटो र पारदर्शीसमेत थियो ।

उनले ठट्टा गर्दै हरेक टेकअघि करिश्मालाई पहिरन अलिकति तल तान्न भनिरहने गरेको सुनाए ।

सलमान र करिश्मा ९० को दशकका बलिउडका चर्चित अनस्क्रिन जोडीमध्ये एक थिए ।

उनीहरूले सँगै ११ फिल्ममा काम गरेका छन् । पर्दामा उनीहरूको केमेस्ट्री जति चर्चित थियो, पर्दापछाडिका यस्ता रमाइला किस्साले पनि उनीहरूको सम्बन्ध र सहकार्यलाई सम्झनलायक बनाउँछन् ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# प्रहरी समायोजनका लागि सङ्घ सरकारलाई दबाब दिन्छौँ : मुख्यमन्त्री यादव

## प्रहरी दिवसमा सीमा अपराध नियन्त्रण र प्रहरीलाई प्रविधिमैत्री बनाउन जोड; उत्कृष्ट प्रहरी तथा विभिन्न क्षेत्रका व्यक्तित्व सम्मानित

दैनिक समाचारदाता
जनकपुरधाम, असोज ३० गते । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संविधानले प्रदेशलाई दिएको प्रहरीसम्बन्धी अधिकार कार्यान्वयनका लागि प्रहरी समायोजन प्रक्रिया शीघ्र अघि बढाउन सङ्घ सरकारलाई दबाब दिने बताएका छन्।

७१औँ प्रहरी दिवस २०८३ का अवसरमा मधेश प्रदेश प्रहरी कार्यालयले शुक्रबार जनकपुरधाममा आयोजना गरेको विशेष समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले दसैँ, तिहार र छठ पर्वपछि प्रहरी समायोजनको विषयमा सङ्घ सरकारलाई थप दबाब दिने बताएका हुन्।

हालै विराटनगरमा सम्पन्न मुख्यमन्त्रीहरूको सम्मेलनले संविधानप्रदत्त प्रहरीसम्बन्धी अधिकार प्रदेशमा स्थापित गर्न शीघ्र प्रहरी समायोजन गर्नुपर्ने निष्कर्ष निकालेको उल्लेख गर्दै उनले प्रदेश प्रहरीको मनोबल उच्च राख्न प्रदेश सरकारले निरन्तर सहयोग गर्दै आएको बताए।

मुख्यमन्त्री यादवले शान्ति सुरक्षा कायम गर्न, अपराध नियन्त्रण, सडक सुरक्षा तथा विपद् व्यवस्थापनमा नेपाल प्रहरीले पुऱ्याएको योगदान अतुलनीय रहेको उल्लेख गरे। बदलिँदो



समयसँगै अपराधका स्वरूप परिवर्तन भइरहेकाले प्रहरीलाई समयसापेक्ष, दक्ष र प्रविधिमैत्री बनाउन आवश्यक रहेको उनको भनाइ थियो।

नेपाल-भारत खुला सीमानाका कारण हुन सक्ने सीमा अपराध, लागूऔषध ओसारपसार, अवैध हातहतियारको तस्करी तथा मानव बेचबिखनजस्ता गतिविधि नियन्त्रण गर्न प्रहरीले थप संवेदनशील र सतर्क भएर काम गर्नुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले शान्ति सुव्यवस्था कायम गर्न र कानुनी शासनको प्रत्याभूति दिलाउन प्रहरीको भूमिका महत्त्वपूर्ण रहेको बताए। प्रदेशमा शान्ति सुरक्षा सुदृढ बनाउन प्रदेश सरकारले प्रहरीको भौतिक पूर्वाधार निर्माण तथा स्रोतसाधन व्यवस्थापनका लागि वार्षिक रूपमा बजेट र सहयोग उपलब्ध गराउँदै आएको उनले उल्लेख गरे।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनताको घरदैलोसम्म पहुँच रहेको नेपाल प्रहरीले मुलुकको शान्ति सुरक्षामा पुऱ्याएको योगदान सराहनीय रहेको बताए। मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले सामाजिक सञ्जालको दुरुपयोग गरी सामाजिक सद्भाव बिगार्न खोज्ने तत्त्वविरुद्ध प्रदेशभर 'अपरेसन साइबर अपराध नियन्त्रण' कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

*उत्कृष्ट प्रहरी तथा कलाकार सम्मानित*

प्रहरी दिवसका अवसरमा उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारी तथा विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मान गरिएको थियो। मधेश प्रदेशभर सर्वोत्कृष्ट कार्य गर्ने प्रहरी निरीक्षक विश्वम्भरनाथ साहलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मानपत्रसहित सम्मानित गरे। त्यसैगरी, महिला हिंसाविरुद्ध सचेतनामूलक टिकटक भिडियो निर्माणमा प्रथम भएका सप्तरीका कलाकार जुगेश्वर यादव र विपद् व्यवस्थापनमा उत्कृष्ट कार्य गरेका रौतहटको मौलापुरमा कार्यरत प्रहरी निरीक्षक भरत केसीलाई नगद तथा सम्मानपत्रसहित सम्मान गरिएको थियो।

समारोहमा अमर प्रहरीका परिवारजन तथा ट्राफिक व्यवस्थापन र सामुदायिक प्रहरी सेवामा उत्कृष्ट योगदान पुऱ्याउने प्रहरी कर्मचारीलाई समेत कदरपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका कार्यवाहक प्रमुख परमेश्वर साह र मधेश प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालगायतले मन्तव्य व्यक्त गरेका थिए। समारोहको सुरुआतमा मुख्यमन्त्री यादवले अमर प्रहरी स्मारकमा पुष्पगुच्छा अर्पण गरी श्रद्धाञ्जली व्यक्त गरेका थिए।

# महोत्तरीको औरही नगर पालिका साक्षर घोषणा

दैनिक समाचारदाता
महोत्तरी ३० असोज । महोत्तरीको औरही नगरपालिका ९७.८५ प्रतिशत साक्षरता दर हासिल गर्दै साक्षर नगरपालिका घोषित भएको छ। यससँगै औरही महोत्तरी जिल्लाको नवौँ साक्षर स्थानीय तह बनेको छ।

एक विशेष समारोहका बीच मधेस प्रदेशसभा सदस्य सुरिता साहले नगरप्रमुख प्रदीपकुमार खड्कालाई साक्षर नगरपालिका घोषणाको प्रमाणपत्र हस्तान्तरण गर्नुभयो।

साक्षरता अभियानका क्रममा नगरपालिकाभित्रका १५ देखि ६० वर्ष उमेर समूहका १९ हजार ३९७ जना नागरिकको साक्षरता अवस्थाको मूल्याङ्कन गरिएको थियो। यसका लागि नौवटै वडाका सात हजार ४२ घरधुरीबाट तथ्याङ्क सङ्कलन गरिएको नगरपालिकाले जनाएको छ।

२०८३ वैशाखदेखि सञ्चालन गरिएको अभियानमा नगरपालिकाले ७२ जना साक्षरता सहजकर्ता परिचालन गरेको थियो। अभियानमार्फत नागरिकहरूलाई सामान्य पढ्न, लेख्न, साधारण हिसाबकिताब गर्न, मोबाइल तथा क्याल्कुलेटर चलाउन, घडी हेरेर समय बताउन र दैनिक जीवनमा आवश्यक पर्ने व्यावहारिक सीप सिकाइएको थियो।

उक्त अभियानमा सेभ द चिल्ड्रेन, आसमान नेपाल ( जनकपुरधाम) तथा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (बर्दिबास) ले प्राविधिक सहयोग गरेको नगर उपप्रमुख रेणु झाले जानकारी दिनुभयो।

## १५ बुँदे.......

केपी शर्मा ओली, प्रचण्डलगायत केन्द्रीय तहका नेताहरूसँगको छलफल र परामर्शपछि गरिएको जानकारी दिए।

केन्द्रमा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच सहकार्य तथा आगामी निर्वाचनमा सँगै जाने सहमति बनेकाले त्यसको प्रभाव प्रदेशको सत्ता समीकरणमा पनि पर्न सक्ने उनको भनाइ छ। यद्यपि, प्रदेशमा कुन दलसँग कस्तो सहकार्य हुने भन्ने विषय टुंगो लागिनसकेको उनले बताए।

सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनुपर्ने अवस्था आउन सक्ने महतोको भनाइ छ। उनले मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत जुटाउन सक्ने र त्यसपछिको प्रक्रियाअनुसार प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गर्न सक्ने बताए।

***बारम्बार सरकार परिवर्तन हुनुमा खण्डित जनादेश जिम्मेवार***

मधेश प्रदेशमा छोटो अवधिमै पटक-पटक सरकार परिवर्तन हुँदा राजनीतिक अस्थिरता देखिएको विषयमा महतोले कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थालाई कारणका रूपमा प्रस्तुत गरे।

'जनताले म्यान्डेट नै त्यसरी दिनुभएको छ। कुनै पनि एक दलको बहुमत छैन, सबै मिलिजुली सरकार हो,' उनले भने, 'जहाँ चित्त बुझ्दैन, त्यहाँ सरकार हेरफेर भइरहन्छ।'

एमाले सरकारबाट बाहिरिएसँगै मुख्यमन्त्री यादव नेतृत्वको सरकारको आगामी अवस्था र नयाँ गठबन्धन निर्माणबारे चासो बढेको छ। दसैँपछि हुने राजनीतिक छलफलले मधेश प्रदेशको आगामी सत्ता समीकरणको दिशा तय गर्ने देखिन्छ।

## चिकित्सा......

यससँगै विश्वविद्यालयमा चिकित्सा शिक्षाको स्नातक तहको एमबीबीएस कार्यक्रम सञ्चालन गर्ने बाटो खुलेको छ।

त्यस्तै, धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र नेपाली सेनाद्वारा सञ्चालित नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गत वर्षको तुलनामा ३०/३० सिट थप गरिएको छ। गेटामा ५० र यी दुई प्रतिष्ठानमा ६० सिट थपिँदा एमबीबीएसमा कुल ११० सिट वृद्धि भएको हो।

आयोगका अनुसार सिट निर्धारणका लागि यस वर्ष ९० वटा शिक्षण संस्थाले स्वमूल्यांकन फारम भरेर आवेदन दिएका थिए। ती संस्थाले माग गरेका सिटका सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा ८४ वटा संस्थाको सिट निर्धारण गरिएको हो।

शिक्षण संस्थाले सिट माग गर्दैमा स्वीकृति नदिइने आयोगको भनाइ छ। सिट निर्धारण गर्दा संस्थाको भौतिक पूर्वाधार, शिक्षक तथा अन्य जनशक्तिको उपलब्धता, शैक्षिक क्षमता र आवश्यक मापदण्डको अवस्थालाई आधार बनाइनेछ।

आयोग स्रोतका अनुसार सरकारी शिक्षण संस्थामा उपलब्ध पूर्वाधार, जनशक्ति र अनुगमन प्रतिवेदनका आधारमा सिट थप गरिएको हो। चिकित्सा शिक्षामा विद्यार्थीको पहुँच विस्तार गर्ने उद्देश्यले संस्थाको वास्तविक क्षमता र आवश्यक मापदण्डलाई ध्यानमा राखेर सिट निर्धारण गरिएको स्रोतले जनाएको छ।

# मन्त्रिपरिषद् बैठकका १३ प्रमुख निर्णय

दैनिक समाचारदाता
काठमाडौँ ३० असोज । नेपाल सरकार, मन्त्रिपरिषद्को शुक्रबार (आज) बसेको बसेको बैठकले कृषि, पूर्वाधार, विपद् व्यवस्थापन तथा कानुन संशोधन सम्बन्धी विभिन्न निर्णयहरू गरेको छ।

बैठकले आर्थिक वर्ष २०८३/८४ का लागि गहुँ बालीको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु. ४,१०७ (चार हजार एक सय सात) निर्धारण गर्ने निर्णय गरेको छ।

*विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा र राहत सुविधा*

बुढीगण्डकी नदीको बाढीबाट प्रभावित गोरखाको चुमनुब्री, धार्चे र आरूघाट गाउँपालिका तथा धादिङको त्रिपुरासुन्दरी गाउँपालिका (वडा नं. १ र २) लाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको छ। साथै असोज ८ देखि ११ गतेसम्मको वर्षा र पहिरोबाट प्रभावित बागलुङका गलकोट र ढोरपाटन



नगरपालिकालाई पनि आगामी तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले जानकारी दिनुभयो ।

होल्डिङ सेन्टरमा नबसी निजी रूपमा अस्थायी बसोबास गर्न चाहने प्रभावित परिवारलाई वैकल्पिक व्यवस्था नभएसम्म ( बढीमा ६ महिनाका लागि) तत्काल राहत स्वरूप भत्ता उपलब्ध गराइने भएको छ।

वैदेशिक अनुदान स्वीकृति

सरकारले जापान सरकारबाट प्राप्त हुने २९८ मिलियन जापानी येन बराबरको वस्तुगत तथा सेवाजन्य आपतकालीन अनुदान सहायता र जर्मनीबाट प्राप्त हुने २० मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

*नयाँ विधेयक र कानुन संशोधन*

सरकारले बुढीगण्डकी विकास प्राधिकरण विधेयक र राष्ट्रिय रोजगारसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ। यसैगरी सामुद्रिक पारवहन सहयोग सम्बन्धी बिमस्टेक सम्झौता, पशु वधशाला र मासु जाँच ऐन २०५५ संशोधन विधेयक, तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ संशोधन विधेयकलाई सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिइएको छ। बैठकले नेपाल विशेष सेवा (एक्काइसौँ संशोधन) नियमावली २०८३, कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (चौथो संशोधन) आदेश २०८३, र दाना पदार्थ ( दोस्रो संशोधन) नियमावली २०८३ स्वीकृत गरेको छ।

साथै फौजदारी कसूर ( सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को प्रारम्भ हुन बाँकी दफाहरूमध्ये दफा १७ (ङ), दफा २५ र दफा २६ लाई आउँदो २०८३ कात्तिक १५ गतेदेखि लागू गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# डिजिटल अर्थतन्त्रको कर प्रणाली सुधारमा सदस्य राष्ट्रबीच सहमति

## कर प्रशासनमा कृत्रिम बौद्धिकता र प्रविधिको प्रयोगमा जोड, नेपाल-हङकङ दोहोरो करमुक्ति सम्झौताबारे जनवरीमा वार्ता हुने

काठमाडौं ३० असोज । डिजिटल अर्थतन्त्रको विस्तारसँगै कर प्रशासनलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउने विषयमा बेल्ट एण्ड रोड इनिसिएटिभ कर प्रशासन सहयोग मञ्च (ब्रिटाकोफ) का सदस्य राष्ट्रहरूबीच सहमति भएको छ।

इन्डोनेसियाको राजधानी जकार्तामा अक्टोबर १३ देखि १५ सम्म आयोजित मञ्चको सातौं सम्मेलनमा डिजिटल अर्थतन्त्रको कराधान, डिजिटल प्लेटफर्ममा आधारित आर्थिक गतिविधिको नियमन, स्रोत मुलुकको कराधिकार संरक्षण तथा कर प्रशासनमा आधुनिक प्रविधिको प्रयोगबारे छलफल भएको हो।

'स्मार्ट कर प्रणाली, साझा समृद्धिमा साझेदारी' नारासहित आयोजित सम्मेलनमा नेपालबाट आन्तरिक राजस्व विभागको उच्चस्तरीय प्रतिनिधिमण्डल सहभागी भएको थियो।

सम्मेलनको उद्घाटन सत्रमा बोल्दै आन्तरिक राजस्व विभागका महानिर्देशक तथा ब्रिटाकोफका निवर्तमान अध्यक्ष डा. भीष्मकुमार भुसालले डिजिटल अर्थतन्त्रको विस्तारसँगै कर प्रणालीलाई आधुनिक, न्यायपूर्ण, स्वचालित, पारदर्शी र करदातामैत्री बनाउनुपर्नेमा जोड दिए।

उनले सन् २०२५ मा काठमाडौंमा सम्पन्न छैटौं



सम्मेलनबाट अघि सारिएका रणनीतिक कार्यढाँचाले सदस्य राष्ट्रका कर प्रशासनलाई मानकीकृत र आधुनिक बनाउन आधार तयार गरेको उल्लेख गरे। उनले अन्तर्राष्ट्रिय असल अभ्यासको आदानप्रदान र सदस्य राष्ट्रबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने बताए।

सम्मेलनले कर प्रशासन र करदाता सेवा सुधारका लागि 'ट्याक्स एडमिनिस्ट्रेसन प्रोडक्ट पोर्टफोलियो' संस्करण २.० र 'ट्याक्सपेयर सर्भिस प्रोडक्ट पोर्टफोलियो' संस्करण २.० गरी दुई रणनीतिक दस्तावेज स्वीकृत गरेको छ। ती दस्तावेजमा डिजिटल अर्थतन्त्रअनुकूल कर प्रशासन विकास, करदाता सेवाको डिजिटलीकरण, कृत्रिम बौद्धिकताको प्रयोग तथा करदाताका अधिकारको संरक्षणलाई प्राथमिकता दिइएको छ।

त्यस्तै, सदस्य राष्ट्रको कर सुशासन क्षमता अभिवृद्धिका लागि तत्काल कार्यान्वयन गर्न सकिने २० वटा सहयोगी सामग्रीको संग्रह अनुमोदन गरिएको छ। कर प्रशासनसम्बन्धी तालिम, प्राविधिक ज्ञान र व्यावहारिक सीप विकासका लागि ब्रिटासेजअन्तर्गत नयाँ पाठ्यक्रम थप गर्नुका साथै सन् २०२६ को वार्षिक प्रतिवेदन तयार गर्ने कामसमेत अघि बढाइएको छ।

सम्मेलनको दोस्रो दिन आयोजित 'नयाँ आर्थिक स्वरूपमा कर सुशासन र अन्तर्राष्ट्रिय सहकार्य' विषयक सत्रमा आन्तरिक राजस्व विभागकी निर्देशक लक्ष्मी पराजुलीले नेपालको अनुभवमा आधारित कार्यपत्र प्रस्तुत गरिन्।

उनको कार्यपत्रमा नेपालले कार्यान्वयनमा ल्याएको डिजिटल सेवा कर, गैरबासिन्दा विदेशी डिजिटल सेवा प्रदायकका लागि मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता व्यवस्था तथा स्वदेशी राइड सेयरिङ प्लेटफर्ममा आबद्ध सेवा प्रदायकका लागि लागू गरिएको सहुलियतपूर्ण भ्याट प्रणालीका व्यावहारिक पक्ष समेटिएका थिए।

परम्परागत भौतिक उपस्थितिमा आधारित कर कानुनले मात्रै डिजिटल अर्थतन्त्रका गतिविधिलाई प्रभावकारी रूपमा समेट्न नसक्ने उल्लेख गर्दै पराजुलीले स्रोत मुलुकको कराधिकार संरक्षणका लागि अन्तर्राष्ट्रिय समन्वय आवश्यक रहेको बताइन्।

सम्मेलनका क्रममा नेपाली र हङकङको प्रतिनिधिमण्डलबीच द्विपक्षीय बैठकसमेत भएको थियो। आन्तरिक राजस्व विभागका अनुसार बैठकमा नेपाल र हङकङबीच दोहोरो करमुक्ति सम्झौतासम्बन्धी प्रस्तावित वार्ता आगामी जनवरीमा आयोजना गर्ने र त्यसका लागि प्राविधिक तयारीलाई तीव्रता दिने सहमति भएको छ।

सम्मेलनको आठौं संस्करण सन् २०२७ मा ताजिकिस्तानमा आयोजना गर्ने निर्णयसमेत गरिएको छ। नेपालले सम्मेलनबाट प्राप्त अन्तर्राष्ट्रिय असल अभ्यास र बहुपक्षीय सहकार्यलाई आन्तरिक राजस्व परिचालन, नीतिगत आधुनिकीकरण तथा स्रोत मुलुकको कराधिकार सुदृढीकरणमा उपयोग गर्ने प्रतिबद्धता जनाएको छ।

*(न्युज एजेन्सी नेपालबाट)*

# राष्ट्रपति पौडेलद्वारा दुई अध्यादेश जारी



दैनिक समाचारदाता

काठमाडौं ३० असोज । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको दुई वटा अध्यादेश जारी गर्नुभएको छ । संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रीपरिषद्को सिफारिसमा शुक्रबार राष्ट्रपति पौडेलले 'नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान अध्यादेश, २०८३' र 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन अध्यादेश, २०८३' जारी गर्नुभएको राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता धर्मराज गैरेले जानकारी दिनुभयो ।

# सर्लाहीमा कार दुर्घटना हुँदा चालकको मृत्यु, दुई घाइते

दैनिक समाचारदाता

सर्लाही, ३० असोज । सर्लाहीको पर्सा गाउँपालिका-२ स्थित सङ्ग्रामपुर पुलनजिक हुलाकी राजमार्गमा कार दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

महोत्तरीबाट सर्लाहीतर्फ आउँदै गरेको भारतीय नम्बर प्लेटको बीआर ०६ बिएक्स ०४३५ नम्बरको कार शुक्रबार अनियन्त्रित भएर पल्टिँदा चालक महोत्तरीको गौशाला नगरपालिका-५, जिरोमाइलका २४ वर्षीय विकल साहको मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमका अनुसार दुर्घटनामा कारमा सवार गौशाला नगरपालिका-४ का २२ वर्षीय शम्भुनाथ कुमार साह र २३ वर्षीय शुभमकुमार शर्मा घाइते भएका छन्। उनीहरूको अवस्था सामान्य रहेको र महोत्तरीस्थित एक स्वास्थ्य संस्थामा उपचार भइरहेको उनले जानकारी दिए।

दुर्घटनामा मृत्यु भएका साहको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवा ल्याइएको प्रहरीले जनाएको छ।

दुर्घटनाको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ। यद्यपि, सङ्ग्रामपुर क्षेत्रको हुलाकी राजमार्गमा अत्यधिक खाल्टाखुल्टी रहेकाले तीव्र गतिमा रहेको कार खाल्टोमा परेर अनियन्त्रित भएको हुन सक्ने आशङ्का गरिएको छ।

दुर्घटनापछि कार सडकमा उत्तानो परेको थियो। सुरक्षाकर्मीले दुर्घटनाग्रस्त कारलाई सडकबाट हटाएका छन्।

# गहुँको समर्थन मूल्य प्रतिक्विन्टल ४ हजार १०७ रुपैयाँ

## बाढीपहिरो प्रभावित सात स्थानीय तह तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषित, विस्थापित परिवारलाई मासिक १५ हजारसम्म राहत

दैनिक समाचारदाता

काठमाडौं ३० असोज । सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ४ हजार १०७ रुपैयाँ निर्धारण गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गहुँको समर्थन मूल्य तोक्नुका साथै बाढीपहिरोबाट अति प्रभावित सात स्थानीय तहलाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो।

सरकारका प्रवक्ता तथा सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाका अनुसार बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित गोरखाका चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिका तथा धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-१ र २ लाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ।

त्यसैगरी, २०८३ असोज ८ देखि ११ गतेसम्मको वर्षाका कारण आएको बाढीपहिरोबाट अति प्रभावित बागलुङका गलकोट र ढोरपाटन नगरपालिकालाई पनि तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको छ। मन्त्रिपरिषद्ले विपद्बाट क्षतिग्रस्त निजी आवास भएका प्रभावित परिवारलाई वैकल्पिक बसोबासको व्यवस्था नभएसम्म बढीमा छ महिनासम्म अस्थायी आवास तथा जीविकोपार्जनका लागि राहत उपलब्ध गराउने निर्णयसमेत गरेको छ।

होल्डिङ सेन्टरमा नबसी निजी रूपमा अस्थायी बसोबासको व्यवस्था गर्न चाहने चार जनासम्म सदस्य भएका परिवारलाई प्रतिमहिना १५ हजार रुपैयाँ उपलब्ध गराइनेछ। चार जनाभन्दा बढी सदस्य भएका परिवारका हकमा प्रत्येक थप सदस्यका लागि प्रतिमहिना दुई हजार रुपैयाँका दरले रकम उपलब्ध गराउने निर्णय भएको छ।

बैठकले जापान सरकारबाट प्राप्त हुने २९८ मिलियन जापानी येन बराबरको वस्तुगत तथा सेवाजन्य आपत्कालीन अनुदान सहायता र जर्मनीबाट प्राप्त हुने २० मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

त्यस्तै, बुढीगण्डकी विकास प्राधिकरणसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरिएको छ। राष्ट्रिय रोजगारसम्बन्धी विधेयक तर्जुमा गर्न पनि बैठकले सैद्धान्तिक स्वीकृति दिएको छ।

सरकारले नेपाल विशेष सेवा ( एक्काइसौँ संशोधन) नियमावली, २०८३ स्वीकृत गरेको छ। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ का कार्यान्वयन हुन बाँकी व्यवस्थामध्ये दफा १७ को खण्ड (ङ), दफा २५ र दफा २६ आगामी कात्तिक १५ गतेदेखि लागू गर्ने निर्णयसमेत भएको छ।

यसैगरी, सामुद्रिक पारवहन सहयोगसम्बन्धी बिमस्टेक सम्झौता अनुमोदनका लागि सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरिएको छ।

बैठकले कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति ( गठन चौथो संशोधन) आदेश, २०८३ र दाना पदार्थ (दोस्रो संशोधन) नियमावली, २०८३ पनि स्वीकृत गरेको छ। पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ संशोधनसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिइएको छ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ संशोधन गर्न बनेको विधेयक पनि सङ्घीय संसद्मा पेस गर्ने निर्णय भएको छ। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ को व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरिएको छ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४